## मिति २०८० साल असार २३ गतेको गाउँ कार्यपालिकाको निर्णय

**प्रस्तावित विषयहरुः**

१. समिक्षा सम्बन्धमा ।

२. आर्थिक बर्ष ०८१/८२ का लागि समपूरक तथा विशेष आयोजना प्रस्ताव सम्बन्धमा ।

३. आर्थिक बर्ष ०८१/८२ का लागि साना सिंचाई आयोजना प्रस्ताव सम्बन्धमा ।

४. आर्थिक बर्ष ०८०/८१ का लागि सञ्चालन हुने प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा ।

५. सार्वजनिक सम्पतिको मर्मत सम्भार खर्च भुक्तानि सम्बन्धमा ।

६. करार कर्मचारीको म्याद थप सम्बन्धमा ।

७. विविध सम्बन्धमा ।

**निर्णयहरुः**

**१. निर्णय नं. १,** प्रस्ताव नं. १ माथि आवश्यक छलफल गर्दा यस लिखु गाउँपालिकाको विगतका कार्यपालिकाको बैठकका निर्णयहरु क्रमशः प्रभावकारी रुपमा कार्यान्वयन भई रहेको अवस्थामा अझ यसलाई थप प्रभावकारी बनाउन सरोकारवाला पक्षहरु बीचमा समन्वय गरी कार्यान्वयन गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

**२. निर्णय नं. २,** प्रस्ताव नं. २ माथि आवश्यक छलफल गर्दा आर्थिक वर्ष २०८१/८२ को लागि समपूरक तथा विशेष अनुदान लागि संघ तथा प्रदेशमा देहायका आयोजनाहरुको डि.पि.आर. बमोजिम प्रस्ताव पेश गर्न चालु गाउँ सभामा स्वीकृतिको लागि पेश गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

**समपूरक अनुदान (संघीय सरकार)**

१) विचारी आहाल गाउँपालिका केन्द्र सडक आयोजना (क्रमागत)

२) वडा नं. १, ४, ६ र ८ वडा कार्यालय भवन निर्माण आयोजना

**समपूरक अनुदान (प्रदेश सरकार)**

१) कुटीडाँडा, मुलपधेरा, भञ्ज्याङ्ग, माहोरडाँडा सडक निर्माण आयोजना

२) राङ्चा, बाघखोर सडक निर्माण आयोजना (क्रमागत)

**बिशेष अनुदान (संघीय सरकार)**

१) गाउँपालिकास्तरीय खेलमैदान निर्माण आयोजना

२) पोकलि आयुर्वेद भवन निर्माण आयोजना, लिखु ९

३) नर्मदेश्वर पुरातात्विक महादेव मन्दिर संरक्षण आयोजना, लिखु ३

४) दुर्योचन्द्र खनुवा पोखरी निर्माण आयोजना, लिखु ७

५) सम्मटार सहरी पूर्वाधार विकास आयोजना, लिखु ९

६) आरुबोटे अर्चले टुनिबोटे सिंचाई आयोजना, लिखु २

७) नर्मदेश्वर वृहत खानेपानी आयोजना, लिखु ३

८) टारकेराबारी वृहत खानेपानी आयोजना, लिखु ८

९) तरतरे वृहत खानेपानी आयोजना, लिखु ४ र ५

१०) गौडे खोला वृहत खानेपानी आयोजना, लिखु ६ र ७

११) नेवारेखोला पिप्ले वृहत खानेपानी आयोजना, लिखु १

**३. निर्णय नं. ३,** प्रस्ताव नं. ३ माथि आवश्यक छलफल गर्दा आर्थिक वर्ष २०८१/८२ मा साना सिंचाई कार्यक्रम अन्तरगत देहाय अनुसारका आयोजनाहरु सञ्चालन गर्ने निर्णय गरी चालु गाउँ सभामा अनुमोदनको लागि प्रस्ताव पेश गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

१) बास, विसौना, सिरिसे सिंचाई आयोजना, लिखु ९

२) सिरिसे खोला राताढुंगा सिंचाई आयोजना, लिखु ८

३) मल्तेनी मुलपानी तेर्से सिंचाई आयोजना, लिखु ७

४) जुकेखोला झघरे खाल्टेबेशी सिंचाई आयोजना, लिखु ६

५) महभिर काफ्लेगाँउ सिंचाई आयोजना, लिखु ५

६) खहरेखोला बेलटार सिंचाई आयोजना, लिखु ३

७) बाझघरे सानो निगाले सिंचाई आयोजना, लिखु २

८) सिल्खु खोला बिरौटा सिंचाई आयोजना, लिखु १

**४. निर्णय नं. ४,** प्रस्ताव नं. ४ माथि आवश्यक छलफल गर्दा आर्थिक बर्ष ०८०/८१ मा कार्यान्वयन हुने गरी प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत संघीय सशर्तको रुपमा प्राप्त बजेट तथा गाउँपालिकाबाट विनियोजित बजेट अनुसार देहायका आयोजना वडागत प्राथमिकताको आधारमा कार्यान्वयन गर्न

कार्यपालिकाबाट स्वीकृत गर्ने तथा आयोजनागत रकम बाडँफाड आगामि कार्यपालिका बैठकबाट गर्ने गरी चालु गाउँ सभामा अनुमोदनको लागि प्रस्ताव पेश गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

१) बिरौटा राञ्चा च्युरीडाँडा गैरी गोरेटो बाटो निर्माण आयोजना, लिखु १

२) पसलटार सानीटार घोडेटो बाटो निर्माण आयोजना, लिखु १

३) कृषि सडक सोलिंग आयोजना, लिखु २

४) घोडेटोबाटो मर्मत आयोजन, लिखु २

५) नर्मदेश्वर कृषि सडक मर्मत आयोजना, लिखु ३

६) बाङ्गे पिपल गाउँपालिका सडक स्तरोन्नती आयोजना, लिखु ४

७) प्रहरी चौकी भालुडाँडा सडक स्तरोन्नती आयोजना, लिखु ४

८) भालुडाँडा वडा कार्यालय सडक स्तरोन्नती आयोजना, लिखु ५

९) ढाँड पाखावारी सडक स्तरोन्नती आयोजना, लिखु ६

१०) स्वास्थ्य चौकी देखि मौलि मोड सडक स्तरोन्नती आयोजना, लिखु ६

११) स्थानिय सडक मर्मत संभार आयोजना, लिखु ७

१२) पहिरो तथा बाढि नियन्त्रण आयोजना, लिखु ७

१३) सिरिसे, साठिबेसी चिनेटार, वडा कार्यालय कोप्चे सडक स्तरोन्नती आयोजना, लिखु ८

१४) सातदोबाटो सिस्ने गोरेटो बाटो निर्माण आयोजना, लिखु ८

१५) पिङडाँडाँ जोरधारा कृषि सडक सोलिङ आयोजना, लिखु ९

१६) बोलकती सेलेले कृषि सडक सोलिङ आयोजना, लिखु ९

**५. निर्णय नं. ५,** प्रस्ताव नं. ५ माथि आवश्यक छलफल गर्दा आर्थिक बर्ष ०७९/८० को निर्मित सार्वजनिक सम्पतिको मर्मत सम्भार खर्च (संघीय राजश्व बाँडफाड) शिर्षकबाट व्ययभार हुने गरी कार्यान्वियन भएका सार्वजनिक सम्पतिको मर्मत सम्भारको खर्च गर्न संघीय राजश्व बाडफाँड स्रोतबाट निकासा भएको रकम अपुग भई सो स्रोतबाट खर्च लेख्न नसकिएकोले यसै आर्थिक बर्षको गाउँपालिका समपुरक कोष (संघीय समानिकरण)बाट खर्च गर्ने गरी व्यवस्थापन मिलाउने सर्वसम्मतबाट निर्णय गरियो ।

६. **निर्णय नं. ६,** प्रस्ताव नं. ६ माथि आवश्यक छलफल गर्दा गाउँपालिका तथा अन्तरगतका कार्यालयमा करार सेवामा कार्यरत कर्मचारीहरुको म्याद थप सम्बन्धी आगामि बैठकमा पुनः छलफल गरी निर्णय गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

७. **निर्णय नं. ७,** प्रस्ताव नं. ७ माथि आवश्यक छलफल गर्दा विविध विषयमा प्रस्तावित प्रस्तावहरु देहाय अनुसार कार्यान्वयन गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

क) यसम माध्यमिक बिद्यालयको जग्गा प्राप्ति शिर्षकमा विनियोजित बजेटबाट यसम माध्यमिक बिद्यालयको लागि बिष्णु कुमार कार्कीको नाममा दर्ता श्रेष्ता कायम रहेको जग्गा प्राप्ति भएको तर जग्गा वर्गिकरण कार्य सम्पन्न नभएको कारणले जग्गा कित्ताकाट नभएर यसम माध्यमिक बिद्यालयको नाममा रजिष्ट्रेशन पास हुन नसकेकोले अन्तिम भुक्तानि गर्न बाकी रकम रु.२,००,०००।०० (अक्षेरुपी दुई लाख मात्र) यस पछी मूल्य बृद्धी नहुने गरी रजिष्ट्रेशन पास पश्चात आगामि आर्थिक बर्षको गाउँपालिकाको जग्गा प्राप्ती शिर्षकबाट भुक्तानि हुने गरी दायित्व सार्ने ।

ख) नर्मदेश्वर मन्दिर महायज्ञमा गाउँपालिकाले प्रदान गर्ने आर्थिक सहयोग रकम रु. १,५१,०००।०० आगामि आर्थिक बर्षको विविध खर्च शिर्षकबाट भुक्तानि हुने गरी दायित्व सार्ने ।

ग) सहास नेपालको उत्तराधिकारी संस्था लिखु एकिकृत विकास समाज (लिड्स) नेपालको लागत साझेदारीमा प्रत्येक वडामा ३ वटाको दरले जम्मा २७ वटा मिनि टिलर (हाते ट्र्याक्टर) खरिद गर्ने । गाउँपालिकाकोले व्यहोर्ने लागत साझेदारी रकम आगामि आर्थिक बर्षको कृषि औजार खरिद तथा वितरण साझेदारी कार्यक्रमबाट व्ययभार हुने गरी व्यवस्थापन मिलाउने ।

घ) आगामि कार्यपालिकाको बैठक मिति २०८०/०३/२७ गते दिनको ४ बजे बस्ने ।